# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# भरतपुर, चितवनको
# अठारौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण
# (माईन्यूट)

१. **बैधानिक सभाः**

कम्पनी ऐन २०६३ र यस वित्तीय संस्थाको नियमावली बमोजिम यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभा सञ्चालक समितिको अध्यक्ष श्री दिपक खनालको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी देहाय बमोजिमका बिषयहरू उपर छलफल गरी निम्नानुसारका निर्णयहरू पारित गरियो ।

२. **सभाको मिति, स्थान र समयः**

सभाको मितिः २०७६ साल माघ २६ गते आईतवार (तदनुसार ९ फेब्रुअरी, २०२०)।

सभाको स्थानः भरतपुर गार्डेन रिसोर्ट, भरतपुर, चितवन ।

समयः विहान ११:०० बजे प्रारम्भ भई दिउसो १:१५ बजे सम्पन्न भएको ।

३. **सभाको सूचनाः**

सञ्चालक समितिको मिति २०७६ पौष २१ गते बसेको २६१औं बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ तथा संस्थाको नियमावलीको नियम ४(३) बमोजिम यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन एवं वित्तीय बिवरणहरू शेयरधनीहरूको ब्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०७६ पौष २३ गतेको "कारोबार" राष्ट्रिय दैनिक र २०७६ माघ ०९ गतेको "अभियान" राष्ट्रिय दैनिकमा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरूको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **उपस्थितिः**

४.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम सभामा उपस्थित सञ्चालकहरूः

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री दिपक खनाल | अध्यक्ष | लुम्बिनी विकास बैंक लिमिटेड |
| २ | डा. भृगुऋषि दुवाडी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ३ | श्री रीता पौडेल | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ४ | श्री रमेशकुमार रघुवंशी | सञ्चालक | सर्वसाधारण शेयरधनी |
| ५ | श्री नरेशमान प्रधान | सञ्चालक | स्वतन्त्र सञ्चालक |
| ६ | श्री सुवोध लोहनी | सञ्चालक | नविल बैंक लिमिटेड |

४.२ अन्य पदाधिकारीहरूको उपस्थितिः

| क्र.सं. | पदाधिकारीको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री शेषरमण आचार्य | प्रमुख कार्यकारी अधिकृत | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |
| २ | श्री ज्ञानेन्द्रप्रसाद अर्याल | कम्पनी सचिव | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. |

४.३ शेयरधनीहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः ६८ जना

४.४ अन्य आमन्त्रितहरूको उपस्थितिः

जम्मा उपस्थित संख्याः १७ जना

## ५. गणपुरक संख्या ( कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम):

| बिवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ५,९०४ | ६८ | |
| जम्मा शेयर कित्ता | ७७,३४,१०४/४१९३ | ४९,५६,२५९ | ६४.०८ प्रतिशत |

## ६. सभाको बैधानिकता र अध्यक्षताः

६.१ कम्पनी ऐन २०६३ तथा संस्थाको नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना उपस्थित हुनुपर्ने प्रावधान बमोजिम यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरूको संख्या ६८ जना भएको र कुल शेयरको ६४.०८ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ निर्धारित समय तालिका अनुसार बिहान ११:०० बजे यस वित्तीय संस्थाको नियमावलीमा ब्यवस्था भए बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षबाट हुने ब्यवस्थाको जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री दिपक खनाललाई अठारौं वार्षिक साधारणसभाको अध्यक्षता ग्रहण गर्न अनुरोध गर्दै अन्य संचालकहरूलाई आसन ग्रहण गर्न कम्पनी सचिवले अनुरोध गर्नुभयो।

६.३ राष्ट्रिय गानबाट कार्यक्रम शुरू गर्न सम्पूर्ण शेयरधनीहरूलाई आ–आफ्नो स्थानमा उभिन कम्पनी सचिवले अनुरोध गर्नुभयो ।

६.४ अध्यक्षले पानसमा वत्ती बाली अठारौं वार्षिक साधारण सभाको औपचारिक उद्घाटन गर्नु भयो।

६.५ यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री शेषरमण आचार्यले उपस्थित सबै शेयरधनीहरू तथा आमन्त्रित महानुभावहरूलाई स्वागत अभिवादन गर्नुभयो ।

## ७. छलफलको विषयहरूः

### (क) साधारण प्रस्तावहरूः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने यस वित्तीय संस्थाको अठारौ वार्षिक प्रतिवेदन(आ.व. २०७५/०७६) उपर छलफल गरी प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको प्रतिवेदन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७५/०७६ को मुनाफा र गत वर्षसम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुँजीको १५ प्रतिशतले हुन आउने रकम रू.११,६०,११,५६६/–(अक्षेरूपी एघार करोड साठी लाख एघार हजार पाच सय छैसट्ठी मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्वीकृत गर्ने ।

४. आ.व. २०७६/०७७ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (बर्तमान लेखापरीक्षक सि.ए. सुर्दशनराज पाण्डे, एस.आर.पाण्डे एण्ड कम्पनी, कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम पुनः नियुक्ति हुन सक्नु हुने छैन।)

**(ख) विशेष प्रस्तावहरूः**

१. वित्तीय संस्थाको अधिकृत पुंजी बृद्धि गरी रू. २ अर्व पुऱ्याउन स्वीकृत गर्ने ।

२. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७५/०७६ को मुनाफा र गत वर्षसम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ३० प्रतिशतले हुन आउने रकम रू. २३,२०,२३,१३२/५८ (अक्षेरूपी तेईस करोड बिस लाख तेईस हजार एक सय बत्तिस रूपैया अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृत गर्ने ।

३. अधिकृत पूँजी बृद्धि तथा बोनस शेयर जारी पछि कायम हुने जारी पूँजी र चुक्ता पूँजी रू. १,००,५४,३३,५७४/५१ (अक्षेरूपी एक अर्व चौवन्न लाख तेतिस हजार पाच सय चौहत्तर रूपैया एकाउन्न पैसा मात्र) बमोजिम यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (क), (ख) र (ग) मा आवश्यक संशोधन गर्ने ।

४. वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानालाई संशोधन गरी प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा आवश्यक संशोधन गर्ने,

५. वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ उपत्यकामा स्थापना गर्नको लागि प्रबन्ध–पत्रको दफा (२) र नियमावलीको दफा (२) मा थप गर्ने ।

६. सञ्चालकहरूको बैठक भत्ता र सुविधा सम्बन्धमा छलफल गरी नियमावलीको नियम ३१ मा संशोधन गर्ने,

७. डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त “घ”वर्गका लघुवित्त वित्तीय संस्था (हरू) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य वित्तीय संस्था (हरू) प्राप्ती गर्ने ( Acquisition) सम्बन्धमा उपयुक्त लघुवित्त वित्तीय संस्था (हरू) को खोजी गर्न, उपयुक्त लागेको वित्तीय संस्थासँग मर्जर तथा प्राप्ति सम्बन्धी सहमतीपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पूर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने मूल्याँकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट वित्तीय संस्थाको सम्पुर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्याकंन गराउने तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती ( Acquisition) गर्ने सम्बन्धमा नियमनकारी निकायहरूसंग सहमती लिने, गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पुर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

८. बैक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने /गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ५(१) बमोजिम साधारण सभाबाट अनुमोदन गराउने गरी गठन भएको यस वित्तीय संस्थाको मर्जर तथा प्राप्ति (Merger/Acquisition) समितिको अनुमोदन गर्ने ।

९. उल्लेखित विशेष प्रस्ताव उपर नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप प्रचलित कानुनको अधिनमा रही यस वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/परिमार्जन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

**(ग) विविध** :

८. **अठारौं वार्षिक प्रतिवेदनको प्रस्तुतिः**

८.१ साधारण सभामा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०७५/०७६ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा चालु आ.व.को पहिलो र दोश्रो त्रैमासिक प्रगतिको संक्षिप्त बिवरण अध्यक्षले सभामा वाचन गर्नु भयो ।

८.२ तत्पश्चात् अध्यक्षले सभा समक्ष आर्थिक वर्ष २०७५/०७६ को कुल मुनाफा रू. ६६ करोड ९९ लाख ९८ हजार ३७६/६२ मध्ये नियमानुसार रू.६ करोड ६९ लाख ९९ हजार ८३८/०० कर्मचारी वोनस, रू. १८ करोड १६ लाख ०१ हजार ११०/८० आयकरको लागि छुट्याई सो पश्चात स्थगन कर आम्दानी रू.२४ लाख ४९ हजार १६०/०० सहित बाँडफाँडको लागि प्राप्त रू. ४२ करोड ३८ लाख ४६ हजार ५८७/८२ बाट कानुनी प्रावधान अनुसार साधारण जगेडा (General Reserve) कोषमा रू. ८ करोड ४७ लाख ६९ हजार ३१८/००, स्थगन जगेडा कोषमा रू. २४ लाख ४९ हजार १६०/–, कर्मचारी कल्याण कोषमा रू. १५ लाख, ग्राहक सुरक्षण कोषमा रू. ५ करोड २५ लाख ७६ हजार ६१९/–, कर्मचारी दक्षता अभिबृद्धि कोषमा रू. ७८ लाख ३५ हजार ०७४/– र संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रू. ४२ लाख ३८ हजार ४६५/८८ राख्न र उपर्युक्त अनुसार बाँडफाँड पछि बांकी रहन आएको रू. २७ करोड ०४ लाख ७७ हजार ९५०/९४ र गत वर्षको अवितरित मुनाफा रू. ६ करोड ७८ लाख ३५ हजार १९५/६४ तथा आ.व. २०७५/०७६ मा ग्राहक सुरक्षण कोषबाट रू.३४ लाख ८९ हजार २६५/–, कर्मचारी दक्षता अभिबृद्धि कोषबाट रू. ५२ लाख २१ हजार ३४९/–, र संस्थागत सामाजिक उत्तरदायित्व कोषबाट रू.१२ लाख २० हजार ८५३/– फिर्ता गरी जम्मा भएको रकम रू. ३४ करोड ८२ लाख ४४ हजार ६१३/५८ बाट यस वित्तीय संस्थाको मिति २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूंजी रू. ७७ करोड ३४ लाख १० हजार ४४१/९३ को बोनस शेयर बापत ३० (तीस) प्रतिशतले हुने रकम रू.२३ करोड २० लाख २३ हजार १३२/५८ र नगद लाभांश बापत १५ (पन्ध्र) प्रतिशतले हुने रकम रू.११ करोड ६० लाख ११ हजार ५६६/०० (बोनस शेयर र नगद लाभाँशमा लाग्ने कर समेत) बितरण गर्न र उक्त बोनस शेयर र नगद लाभांश वितरण पश्चात बाकी रहेको रकम रू. २ लाख ०९ हजार ९१५/– अवितरित मुनाफा वासलातमा सारिएको, लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७६ आषाढ ३१ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू समेत छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नु भयो ।

९. **छलफलको लागि आव्हान तथा छलफलमा सहभागी शेयरधनी महानुभावहरूः**

९.१ संस्थाको आ.व.२०७५/०७६ को वार्षिक प्रतिवेदन, २०७६ आषाढ मसान्तको वासलात, आ.व. २०७५/०७६ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह बिवरण र नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) बमोजिम मिति २०७६ आषाढ ३१ को छुट्टै वित्तीय विवरण तयार गरिएकोले उक्त प्रतिवेदनहरू उपर आ–आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन अध्यक्षले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरू प्रत्यक्ष रूपले छलफलमा सहभागी भई देहाय अनुसारका जिज्ञाशाहरू र सुझावहरू ब्यक्त गर्नु भयोः–

१. श्री बिष्णुप्रसाद न्यौपाने

२. श्री महेन्द्रबहादुर श्रेष्ठ

३. श्री बविता श्रेष्ठ

४. श्री बिष्णुप्रसाद शर्मा

५. श्री कैलाश रिजाल

६. श्री पितामबरप्रसाद आचार्य

**छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरूको आ–आफ्नो विचार प्रस्तुतिकरणः**

१. **श्री विष्णुप्रसाद न्यौपाने**

- वार्षिक प्रतिवेदन समयमा हात परेकोमा धन्यवाद व्यक्त गर्नु भयो।
- गत वर्ष भन्दा ८५ प्रतिशतले नाफा बढेकोले सन्तोष व्यक्त गर्नु भयो।
- ३० प्रतिशत बोनस शेयर र १५ नगद लाभाशं सहित ४५ प्रतिशत लाभाशं दिन सफल भएकोमा अध्यक्ष लगायत सञ्चालक समितिलाई धन्यवाद।
- संस्थाले संस्थागत सामाजीक उत्तरदायित्व कार्यक्रममा खर्च गरेको एकदमै राम्रो छ ।
- संस्थाले आगामी वर्ष गर्ने रणनीतिहरू वार्षिक प्रतिवेदनमा उल्लेख गरेको एकदम राम्रो छ ।
- कार्यक्रमको प्रगतिको लागि फिल्डमा काम गर्ने कर्मचारी, ब्यवस्थापन र सञ्चालक समितिलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।
- आन्तरिक श्रोत भन्दा बाह्य श्रोत बढदै गएको छ ।
- Public Deposit हामीले किन लिन नसकेको हो ?
- साधारण सभा पौष मसान्त सम्ममा गर्नु पर्‍यो ।
- यस आ.व.मा ३ वटा शाखा मात्रै खुलेकोले सम्भावित ठाउंहरूमा थप शाखा खोल्नु पर्‍यो ।
- कर्मचारीहरूको productivity बढाउनको लागि कर्मचारीहरूको पनि सुविधाहरू आर्कीषत हुनु पर्‍यो ।
- Non Performance Assest बढदै गएकोमा चिन्ता ब्यक्त गर्नु भयो।
- कर्मचारी तालिममा खर्च किन भएन ?
- सञ्चालक समितिको बैठक धेरै बसेको देखियो ।
- सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृतहरूले बैदेशिक अध्ययन अवलोकन भ्रमणबाट सिकेको कुराहरू संस्थामा अवलम्बन गर्दा राम्रो हुने ।
- केन्द्रीय कार्यालय काठमाण्डौमा किन नभएको हो। केन्द्रीय कार्यालय काठमाण्डौ स्थानान्तरण गर्दा उपयुक्त हुने ।
- हाम्रो कार्यक्षेत्र देशभरिनै हुने भएकोले मर्ज गर्न आवश्यक नरहेको तथापी ठुला संस्थासंग मर्ज गर्दा राम्रो हुने।
- मर्जर तथा एक्विजिशनको कारणले अहिलेको भन्दा संस्था नराम्रो हुन भएन ।
- नयां प्रमुख कार्यकारी अधिकृतलाई कार्यकालको शुभकामना ।

२. **श्री महेन्द्रबहादुर श्रेष्ठ**

- १५ प्रतिशत नगद लाभाशं र ३० प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरेकोमा सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- लघुवित्त कार्यक्रम Profit Oriented भन्दा Service Oriented हुन्छ ।
- लघुवित्त कार्यक्रमले गरिवहरूलाई विना धितोमा लगानी गरी गरिवी न्यूनिकरणमा ठुलो भुमिका खेल्दछ ।
- गरिबी निवारण गरेर शेयरधनीहरूलाई नाफा वितरण गर्नु सकारात्मक देखिन्छ ।
- संस्थागत सुशासनको लागि Internal Controlling System राम्रो हुनु पर्‍यो ।
- नेपालका बैक तथा वित्तीय संस्थाहरू Merger र Acquisition गर्दा असफल भएका उदाहरणहरू छन्।
- Merger र Acquisition नेपाल राष्ट्र बैकले ल्याएको नीति हो ।

- सञ्चालक समितिको बैठक खासै धेरै बसेको होईन ।
- केन्द्रीय कार्यालयको घर घडेरी खरिद सम्बन्धी ब्यवस्था के छ ?
- साधारण सभा समयमा हुनु पर्‍यो ।
- नया प्रमुख कार्यकारी अधिकृतको कार्यकालमा हामीले कति प्रतिफल पाउंछौ ।

३. **श्री वविता श्रेष्ठ**

- १५ प्रतिशत नगद लाभाशं र ३० प्रतिशत बोनस शेयर वितरण गरेकोमा सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- लघुवित्त कार्यक्रमले महिला सशक्तिकरणमा जोड दिई आयमूलक रोजगारी सम्बन्धी कार्य गर्नमा प्रोहत्साहन गर्ने भएकोले सो सम्बन्धमा थप अनुसन्धान गरी अझ प्रभावकारी बनाउनु पर्ने ।
- संस्थागत सामाजिक उत्तरदायित्वको लागि छुट्याईएको रकम महिला स्वास्थ्य कार्यक्रमहरूमा खर्च गर्नु पर्दछ ।

४. **विष्णुप्रसाद शर्मा**

- वित्तीय संस्थाले गरेको प्रगति एकदमै राम्रो छ ।
- वार्षिक प्रतिवेदनमा प्रकाशित वित्तीय विवरण सञ्चालकहरूको हस्ताक्षर भएको विवरण प्रकाशित गर्नु पर्‍यो ।

५. **श्री कैलाश रिजाल**

- ४५ प्रतिशत लाभाशं दिएकोमा सञ्चालक समितिलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।
- अघिल्लो साधारण सभामा शेयरधनीहरूले दिएको सुझावलाई समेटेको पाईयो जुन एकदमै राम्रो छ ।
- Staff Growth, Staff traning, Software Development सम्बन्धमा उठाएका बिषयहरूको राम्रो संग समाधान भएको पाईयो ।
- संस्थाले जुन किसिमको कार्यक्रम बिस्तार गरेको छ त्यो अतिनै प्रशंसनीय छ ।
- संस्थागत सामाजीक उत्तरदायित्वका कार्यक्रमहरू धेरै भएको छन जुन एकदमै राम्रो छ ।
- लघुवित्त सेवा आफैमा एमदम चुनौती पूर्ण सेवा हो । लघुवित्त क्षेत्रमा हाल देखिएका समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भनी सोच्नु अति आवश्यक भएको छ ।
- संस्थाको Goddwill विग्रने गरी हामी मर्जमा जान भन्दैनौ । तर नेपाल राष्ट्र बैकले मर्जमा जानको लागि अनिवार्य गरेको अवस्थामा मर्जमा जानु पर्ने हुन्छ ।
- सफ्टवेयरमा Mobile Banking /Tablet Banking फेशनको रूपमा नभई उचित प्रयोग होस।
- प्रविधिलाई प्रयोग गरेर कर्मचारीहरूको Efficiency बढाउनु जरूरी छ ।
- शाखा विस्तार ३ वटा मात्रै भएको छ जुन एकदम कम भयो ।

६. **श्री पिताम्बरप्रसाद आचार्य**

- संस्थाले गरेको प्रगतिलाई सञ्चालकहरूलाई धन्यवाद दिन चाहन्छु ।
- २ लाख भन्दा बढी सदस्यलाई सेवा दिएका छौ जुन एकदम राम्रो छ ।
- लघुवित्त कार्यक्रमले गरिवी न्युनीकरण, महिला स–शक्तिकरण, महिलाहरूको सामाजीक र स्वास्थ्य क्षेत्रमा सेवा पुगेको छ।
- Share Capital सय गुणले बृद्धि भएको छ,जुन एकदमै प्रशंसनीय छ ।
- लघुवित्त वित्तीय संस्थाहरू प्रचुर मात्रामा बढेका छन।
- सदस्यहरूलाई आवश्यक पर्ने रकम लघुवित्त संस्थाहरूले नदिएका कारण एउटा सदस्यले धेरै लघुवित्त वित्तीय संस्थाहरूबाट कर्जा लिने गरेका छन।
- नेपाल राष्ट्र बैकको नीतिमा Funding सम्बन्धी ब्यवस्था फरक फरक छ ।

- बाणिज्य बैकहरूले कृषि क्षेत्रमा लगानी गर्न सकेका छैनन । लघुवित्त वित्तीय संस्थाले कृषि क्षेत्रमा लगानी गरेका छन।
- लघुवित्त क्षेत्रमा Deprived Sector ले गरेको प्रगति एकदम राम्रो छ।
- कर्जा सूचना केन्द्रमा डाटा पठाउने काम प्रभावकारी रूपमा भएको पाईदैन ।
- संस्थाले गरेको Client Protection /CSR / Staff Effiency को कुराहरू राम्रो छ।
- सदस्यहरूले १८ वर्षमा कति प्रगति गरे भनेर Resesrch गर्नु पर्दछ ।
- नयां नियुक्त हुन भएका प्रमुख कार्यकारी अधिकृतलाई बधाईका साथ शुभकामना ।

१०. **सभामा शेयरधनी महानुभावहरूले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरूको जवाफः**

शेयरधनी महानुभावहरूले सभामा व्यक्त गर्नु भएका विचारहरू प्रति आभार व्यक्त गर्दै प्रकट भएका जिज्ञासा तथा प्रश्नहरू उपर सभाका अध्यक्षले सामूहिक रूपमा देहाय बमोजिम उत्तर दिनुभयोः–

- लघुवित्त कार्यक्रमलाई सर्वसुलभ बनाउदै राज्यले लिएको गरिवी निवारण अभियानमा टेवा पुऱ्याउन सक्दो योगदान गरी शेयरधनीहरूलाई सन्तोषप्रद रूपमा प्रतिफल दिन संस्था सफल भएको छ भनी स्वयम शेयरधनीहरूको तर्फबाट महसुस गरिनु र कार्यक्रमको प्रगतिको प्रशंसा शेयरधनीहरूबाट हुनुले सञ्चालक समितिलाई हौसला र प्रेरणा मिलेको छ ।
- कर्मचारी तालिममा भएको खर्च रिभर्स गरेको हो। Profit Distribution गरेका छैनौ ।
- NPL बढकोले ब्यवस्थापन तहमा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई असुलीको लागि परेका छौ ।
- आन्तरिक श्रोतको लागि नयाँ बचतका योजनाहरू ल्याई बचत बृद्धि गरि रहेका छौ । थप बचत बृद्धिको लागि नया Saving Product ल्याउने छौं ।
- केन्द्रीय/कर्पोरेट कार्यालय काठमाण्डौ सार्नको लागि नेपाल राष्ट्र बैकसंग अनुरोध गरिरहेको छौ ।
- लघुवित्त क्षेत्रमा हालका समस्याहरूको अध्ययन र लघुवित्तमा सदस्य परित्याग सम्बन्धमा अध्ययन गर्नको लागि research गर्नेछौ ।
- नेपाल वित्तीय विवरण प्रतिवेदनमान (NFRS) को ढाँचामा वित्तीय विवरण तयार गरिएको कारणले साधारण सभा गर्न केही ढिला भएको हो । आगामी दिनमा साधारण सभा समयमा गरिनेछ ।
- कर्मचारीहरूको दक्षता अभिबृद्धिको लागि कर्मचारीहरूलाई आन्तरिक तथा बैदेशिक तालिम, गोष्ठी र अध्ययन पठाउने गरेका छौ र कर्मचारीहरूको मनोवल बढाउनको लागि लघुवित्त क्षेत्रको Industry Average भन्दा राम्रो सेवा सुविधा उपलब्ध गराएका छौ ।
- कर्मचारीहरूको उत्पादकत्व बृद्धिको लागि नया सफ्वेयर खरिद गरी सकिएको छ ।
- समीक्षा अवधिमा शाखा विस्तार भन्दा पनि शाखालाई Sustainable बनाउन लागि परेका थियौ ।
- मर्जर वा एक्विजिशन गर्दा संस्थाको हितलाई ध्यानमा राखी मात्र गरिनेछ ।
- संस्थागत सुशासनको लागि सूचना प्रविधिको विकास गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाएका छौ ।
- काठमाण्डौमा केन्द्रीय/कर्पोरेट कार्यालय स्थानान्तरण भए पछि घर घडेरी खरिद गर्नेछौ ।
- ग्राहक सदस्यहरूलाई आयमूलक कामको लागि विभिन्न तालिम, वित्तीय सारक्षता प्रदान गरिरहेका छौ ।
- वार्षिक प्रतिवेदनमा वित्तीय विवरण प्रकाशित गर्दा प्रचलन अनुसार गर्ने गरिएको छ ।
- कृषि क्षेत्रमा लगानीको ब्यवस्था मिलाएका छौ ।
- नेपाल राष्ट्र बैकको नीति बमोजिम कर्जा सूचना केन्द्रमा २०७६ आषाढ देखि रिपोटिङ्ग गर्ने गरेका छौ ।

साथै शेयर अभौतिकीकरण गर्न बाँकी रहेका शेयरधनीहरूलाई शेयर अभौतिकीकरण गर्न र Dividend को लागि बैंक खाता अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौ। भुक्तानी लिन बाँकी शेयरधनीहरूको नामावली संस्थाको वेवसाईडमा राखिएको छ ।

११. **सभाको निर्णयः** साधारण सभामा प्रस्तुत बिष्यहरू उपर बिस्तृत छलफल एवं अध्यक्षबाट प्रत्युत्तर पश्चात निम्न बमोजिम निर्णय परित भयो ।

**(क) साधारण प्रस्ताव तर्फः**

१. सभामा प्रस्तुत वित्तीय संस्थाको अठारौ वार्षिक प्रतिवेदन (आ.व. २०७५/०७६) अध्यक्षले पारित गर्नका लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा प्रस्तुत प्रतिवेदन सर्वसम्मतीबाट पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरू र नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard-NFRS) बमोजिम तयार गरिएको वार्षिक वित्तीय विवरणहरू पारित गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाबाट सर्वसम्मतिले पारित गरियो ।

३. सञ्चालक समितिको सिफारिस बमोजिम वित्तीय संस्थाको आ.व. २०७५/०७६ को मुनाफा र गत वर्षसम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको १५ प्रतिशतले हुन आउने रकम रू.११,६०,११,५६६/–(अक्षेरूपी एघार करोड साठी लाख एघार हजार पाँच सय छैसट्ठी मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) बितरण गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतीले स्वीकृत गरियो ।

४. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०७६/०७७ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा लेखापरीक्षण समितिको सिफारिस बमोजिम श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई सर्वसम्मतीबाट लेखापरीक्षकमा नियुक्त गर्ने निर्णय गरियो । बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, दफा ७८ र लङ्गफर्म अडिट रिर्पोट आदि तयार गरे वापत श्री सुन्दर एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टसलाई भ्याट बाहेक रू ३ लाख पारिश्रमिक उपलब्ध गराउने निर्णय सर्वसम्मतले पारित गरियो।

**(ख) बिशेष प्रस्ताव तर्फः**

१. वित्तीय संस्थाको अधिकृत पुंजी रू. १ अर्व बाट बृद्धि गरी रू. २ अर्व पुर्‍याउनको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतीले स्वीकृत गरियो ।

२. सञ्चालक समितिको सिफारिस बमोजिम यस वित्तीय संस्थाको आ.व. २०७५/०७६ को मुनाफा र गत वर्षसम्मको संचित मुनाफा रकम समेतबाट चुक्ता पुंजीको ३० प्रतिशतले हुन आउने रकम रू. २३,२०,२३,१३२/५८ (अक्षेरूपी तेईस करोड बिस लाख तेईस हजार एक सय वत्तिस रूपैया अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस शेयर बितरण गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतीले स्वीकृत गरियो ।

३. अधिकृत पुंजी बृद्धि तथा बोनस शेयर जारी पछि कायम हुने जारी पुंजी र चुक्ता पुंजी रू. १,००,५४,३३,५७४/५१ (अक्षेरूपी एक अर्व चौवन्न लाख तेतिस हजार पाच सय चौहत्तर रूपैया एकाउन्न पैसा मात्र) बमोजिम यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (५) को (क), (ख) र (ग) मा आवश्यक संशोधन गर्न स्वीकृतिको लागि अध्यक्षले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सोही बमोजिम प्रबन्धपत्रमा आवश्यक संशोधन गर्न सभाबाट सर्वसम्मतीले स्वीकृत गरियोः–

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| ५. <u>वित्तीय संस्थाको पुंजीको संरचनाः</u><br>वित्तीय संस्थाको पुंजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) वित्तीय संस्थाको अधिकृत पुंजी रू. १,०००,०००,०००/– हुनेछ । सो पुंजीलाई रू. १००/– का दरले १०,०००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पुंजी रू. ७७,३४,१०,४४१/९३ हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पुंजी रू. ७७,३४,१०,४४१/९३ हुनेछ । | ५. <u>वित्तीय संस्थाको पुंजीको संरचनाः</u><br>वित्तीय संस्थाको पुंजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) वित्तीय संस्थाको अधिकृत पुंजी रू. २,०००,०००,०००/– हुनेछ । सो पुंजीलाई रू. १००/– का दरले २०,०००,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ख) वित्तीय संस्थाको जारी गर्ने शेयर पुंजी रू. १,००,५४,३३,५७४/५१ हुनेछ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पुंजी रू. १,००,५४,३३,५७४/५१ हुनेछ । |

४. नेपाल राष्ट्र बैंकको स्वीकृत बमोजिम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयको वडा परिवर्तन भएकोले यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगानालाई संशोधन गरी प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा आवश्यक संशोधन गर्न अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (२) (१) र नियमावलीको दफा (२) मा सर्वसम्मतिले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियोः–

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| <u>क. प्रवन्धपत्रमा</u><br>२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १ मा रहने छ ।<br><br><u>ख. नियमावलीको नियममा</u><br><br>२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :</u> | <u>क. प्रवन्धपत्रमा</u><br>२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) /कर्पोरेट कार्यालय रहने ठेगाना :</u><br>(१) यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं. १० मा रहने छ ।<br><br><u>ख. नियमावलीको नियममा</u><br><br>२ <u>वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) /कर्पोरेट कार्यालय रहने ठेगाना :</u> |

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका. वडा नं. १ मा रहने छ । | यस वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, नारायणी अञ्चल, चितवन जिल्ला, भरतपुर महानगरपालिका. वडा नं. १० मा रहने छ । |

५. वित्तीय संस्थाको चुक्ता पुंजी रू १ अर्व भन्दा बढी पुगेकोले यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ उपत्यकामा स्थापना गर्नको लागि नेपाल राष्ट्र बैक समक्ष स्वीकृत माग गर्न र सोही बमोजिम प्रबन्ध–पत्रको दफा (२) र नियमावलीको दफा (२) मा थप गर्न अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा यस वित्तीय संस्थाको प्रबन्ध–पत्रको दफा (२) र नियमावलीको दफा (२) मा सर्वसम्मतीले निम्न बमोजिम थप गर्ने निर्णय गरियोः–

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| . प्रवन्धपत्रमा<br>२ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :<br>(२) नभएको ।<br>ख. नियमावलीको नियममा<br>२ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :<br>(२) नभएको । | क. प्रवन्धपत्रमा<br>२ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) /कर्पोरेट कार्यालय रहने ठेगाना :<br>(२) यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ उपत्यकामा रहने छ ।<br>ख. नियमावलीको नियममा<br>२ वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय)/ कर्पोरेट कार्यालय रहने ठेगाना :<br>(२) यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय काठमाण्डौ उपत्यकामा रहने छ । |

६. सञ्चालकहरूको बैठक भत्ता र सुविधाहरू सम्बन्धमा समय सापेक्ष बृद्धि गर्न आवश्यक भएकोले यस वित्तीय संस्थाको नियमावलीको नियम ३१ मा संशोधन गर्न अध्यक्षले सभा समक्ष बिशेष प्रस्ताव पेश गर्नु भएकोमा यस वित्तीय संस्थाको नियमावली ३१ मा सर्वसम्मतीले निम्न बमोजिम संशोधन गर्ने निर्णय गरियोः–

| हाल भएको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| ३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>(१). सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठकभत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ : | ३१. सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :<br>(१)सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठकभत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ : |

| हाल भएको ब्यवस्था | संशोधित ब्यवस्था |
|---|---|
| (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूको बैठक भत्ता प्रति बैठक रू.५,०००/०० (रू. पाँच हजार मात्र ) हुनेछ । | (ख)सञ्चालक समितिको बैठकमा उपस्थित भए वापत सञ्चालक समितिका अध्यक्ष तथा सञ्चालकहरूको बैठक भत्ता प्रति बैठक रू.६,०००/०० (अक्षरेपी छ हजार मात्र) हुनेछ । |
| (ग) वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ । | (ग)वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ । |
| **(अ) स्वदेशमा भ्रमण गर्दा :** | **(अ) स्वदेशमा भ्रमण गर्दा :** |
| (१). स्वदेशमा भ्रमण गर्दा सञ्चालकहरूलाई दैनिक भत्ता स्वरूप प्रतिदिन अधिकतम रू.३,५००/०(बिल अनुसारको) लजिङ्ग तथा फुडिङ्ग खर्च र वास्तविक यातायात खर्च प्रदान गरिने छ । | (१). स्वदेशमा भ्रमण गर्दा सञ्चालकहरूलाई दैनिक भत्ता स्वरूप प्रतिदिन अधिकतम रू.५,०००/०० (अक्षरेपी पांच हजार मात्र) लजिङ्ग तथा फुडिङ्ग खर्च र वास्तविक यातायात खर्च प्रदान गरिने छ । |
| (घ) सञ्चालकहरूको अन्य सुविधा देहाय बमोजिम हुनेछ । | (घ) सञ्चालकहरूको अन्य सुविधा देहाय बमोजिम हुनेछ । |
| (अ) पत्रपत्रिका खर्च वार्षिक रू.५,०००/००(रू.पांच हजार मात्र)। | (अ) पत्रपत्रिका खर्च मासिक रू.१,०००/०० (अक्षरेपी एक हजार मात्र) हुनेछ । |
| (आ) टेलिफोन र इन्टरनेट खर्च मासिक रू.१,५००/०० (रू. एक हजार पांच सय मात्र)। | (आ) टेलिफोन खर्च मासिक रू. २,०००/०० (अक्षरेपी दुई हजार मात्र) हुनेछ । |

७. यस डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य ईजाजतपत्र प्राप्त “घ”वर्गका लघुवित्त वित्तीय संस्था (हरू) एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले अन्य वित्तीय संस्था (हरू) प्राप्ती गर्ने ( Acquisition) सम्बन्धमा उपयुक्त लघुवित्त वित्तीय संस्था (हरू) को खोजी गर्न, उपयुक्त लागेको वित्तीय संस्थासंग मर्जर तथा प्राप्ती सम्बन्धी सहमतीपत्र (Memorandum of Understanding) तयार गरी हस्ताक्षर गर्न, सम्पुर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्यांकन (Due Diligence Audit) गर्ने मुल्यॉंकनकर्ता लेखापरीक्षक नियुक्त गर्न, निजको पारिश्रमिक तोक्न र निजबाट वित्तीय संस्थाको सम्पुर्ण चल अचल सम्पत्ती तथा दायित्व मुल्याकंन गराउने तथा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती ( Acquisition) गर्ने सम्बन्धमा नियमनकारी निकायहरूसंग सहमती लिने, गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धी कार्यको लागि प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने भएमा सो समेत गर्ने लगायतका सम्पुर्ण प्रक्रिया अवलम्बन गरी एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्पुर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न अध्यक्षले सभा

समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा उल्लेखित कार्यहरू गर्नको लागि सर्वसम्मतीले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो।

८. बैक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने ⁄ गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ को विनियम ५(१) बमोजिम साधारण सभाबाट अनुमोदन गराउने गरी गठन भएको यस वित्तीय संस्थाको मर्जर तथा प्राप्ति (Merger⁄Acquisition) समितिको अनुमोदन गर्नको लागि अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरियो।

९. उल्लेखित विशेष प्रस्तावहरू तथा सोबाट पर्न जाने असर र नियमनकारी निकायको निर्देशन तथा प्रचलित कानुनको अधिनमा रही प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक थपघट गर्न सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्न अध्यक्षले सभा समक्ष विशेष प्रस्ताव गर्नु भएकोमा सो सम्बन्धमा प्रचलित कानुनको अधिनमा रही प्रस्ताव बमोजिम आवश्यक संशोधन⁄ परिमार्जन गर्न सर्वसम्मतीले सञ्चालक समितिलाई अख्तियार प्रत्यायोजन गर्ने निर्णय पारित गरियो।

**(ग) बिविधः** केही नभएको ।

१२. **धन्यवाद ज्ञापनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षले शेयरधनी महानुभावहरूबाट छलफलमा सक्रिय रूपले सहभागी भई उहांहरूबाट महत्वपुर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नु भएकोमा आभार ब्यक्त गर्दै आफ्नो अमूल्य समय दिई अठारौं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवं सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनीहरू तथा सम्बन्धित सवैलाई धन्यबाद ज्ञापन गर्नु भयो ।

१३. **सभा विसर्जनः**

तत्पश्चात, अध्यक्षले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरूबाट प्राप्त सहयोगको लागि पुनः धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलता पूर्वक सम्पन्न भएको घोषणा सहित दिउसो १:१५ बजे सभा बिसर्जन गर्नुभयो ।

| | | |
|---|---|---|
| .............................. | ................................ | ........................... |
| (ज्ञानेन्द्रप्रसाद अर्याल)<br>कम्पनी सचिव | (रमेशकुमार रघुवंशी )<br>सञ्चालक<br>प्रतिनिधि, सर्वसाधारण | (दिपक खनाल)<br>अध्यक्ष |

मितिः २०७६ माघ २६ गते आईतवार दिउसो १:१५ बजे ।